सम्वत् २०७९ सालको कार्यविधि नं . ३

# भगवतीमाई गाउँपालिका गाउँपालिका असहाय एकल पुरुषलाई सामाजिक सुरक्षा वापत भत्ता वितरण कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मिति २०७:९/०८/२८
प्रमाणिकरण मितिः २०७९/०८/२८

भगवातिमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश

**प्रस्तावनाः**

असहाय एकल पुरुष नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र.स. १५ बमोजिम तथा भगवतीमाई गाउँपालिका गाउँसभाको ११ औं अधिवेशनले पारित गरेको लैंगिक समानता तथा समावेशिकरण नीतिको बुदाँ नं. (ङ) लाई कार्यान्वयन गर्न यस भगवतीमाई गाउँपालिकाबाट ६० वर्ष देखि ६८ वर्ष उमेर समूहका असहाय एकल पुरुषलाई सामाजिक सुरक्षा वापत भत्ता वितरण कार्यविधी, २०७९ जारी गरिएको छ ।

# परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम भगवतीमाई गाउँपालिका असहाय एकल पुरुषलाई सामाजिक सुरक्षा वापत भत्ता वितरण कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. कार्यविधि" भन्नाले स्थानीय सरकार सञ्चालन कार्यविधि, २०७४ सम्झनु पर्दछ ।

ख. "स्थानीय तह" भन्नाले भगवतीमाई गाउँपालिका सम्झनु पर्दछ ।

ग. "वडा कार्यालय" भन्नाले भगवतीमाई गाउँपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।

घ. "समन्वय समिति" भन्नाले जेष्ठ नागरिकहरुको व्यक्तिको अधिकारका लागि भगवतीमाई गाउँपालिकामा गठित समिति सम्झनु पर्दछ ।

ङ."गाउँपालिका" भन्नाले भगवतीमाई गाउँपालिकालाई सम्झनु पर्दछ ।

च. "गाउँ कार्यपालिका कार्यालय" भन्नाले भगवतीमाई गाउँपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

छ. "गाउँ कार्यपालिका" भन्नाले भगवतीमाई गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज. "अध्यक्ष" भन्नाले भगवतीमाई गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

झ. "उपाध्यक्ष" भन्नाले भगवतीमाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ञ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट. "असहाय एकल पुरुष" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पति नभएको भगवतीमाई गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका अशक्त र असहाय अवस्थामा रहेका ६० वर्ष देखि ६८ वर्ष उमेर समूहका भगवतीमाई गाउँपालिकामा बसोबास गर्ने नेपाली नागरिक सम्झनु पर्दछ ।

ठ. "असहाय एकल पुरुष भत्ता रकम" भन्नाले भगवतीमाई गाउँपालिकाको गाउँ सभाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत नभएको, तोकेको भन्दा न्यून आय भएका अशक्त र असहाय अवस्थामा रहेका ६० वर्ष देखि ६८ वर्ष उमेर समूहका भगवतीमाई गाउँपालिकामा वसोवास गर्ने नेपाली नागरिकलाई भत्ता उपलब्ध गराउने भनि निर्णय गरेको रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

### असहाय एकल परुषले भत्ता पाउने अधिकार

**<u>३. असहाय एकल पुरुष भत्ताको अधिकारः</u>** (१) देहाय बमोजिमका गाउँपालिकामा वसोवास गर्ने नेपाली नागरिकलाई प्रत्येक वर्ष त्रैमासिक रुपमा असहाय एकल पुरुष भत्ता पाउने अधिकार हुनेछ ।

(क) मिति २०७९/०४/०१ गते देखि ६० वर्ष पुगि भत्ता पाउने अवधिमा ६८ वर्ष उमेर पुरा नभएका उमेर समूहका असहाय एकल पुरुष,

(ख) आर्थिक रुपले विपन्न,

(ग) असहाय एकल पुरुष,

(घ) आफ्नो हेरचाह आफैं गर्न नसक्ने,

(ङ) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका,

(च) विदुर,

(छ) न्यायिक पृथकीकरण गरी बसेका,

(ज) विवाह नगरेका ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने भत्ताहरु असहाय एकल पुरुष भत्ताका नाममा देहाय बमोजिम वितरण गरिनेछ ।

## परिच्छेद-३

### असहाय एकल पुरुष भत्ता प्राप्त गर्ने प्रकृया

**<u>४. भत्ता प्राप्त गर्ने प्रकियाः</u>** (१) दफा ३ बमोजिम असहाय एकल पुरुष भत्ता पाउने व्यक्तिले यस कार्यविधि बमोजिमको असहाय एकल पुरुष भत्ता पाउनको लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

तर आफैले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहरसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले ७ (सात) दिनभित्र आवश्यक कारबाही गरी गाउँपालिकामा पठाउनु पर्नेछ र गाउँपालिकाले १५ (पन्ध्र) दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कारबाही गर्दा असहाय एकल पुरुष भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजात अनुसूची-२ बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम असहाय एकल पुरुष भत्ता लिन नचाहने व्यक्तिले असहाय एकल पुरुष भत्ता नलिने स्वेच्छिक घोषणा गरी वडा कार्यालय मार्फत जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै नागरिकले असहाय एकल पुरुष भत्ता लिन नचाहेमा सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी त्यस्तो व्यक्तिलाई सम्मान गर्नु पर्नेछ ।

## परिच्छेद-४

### असहाय एकल पुरुष भत्ता नपाउने अवस्था

**५. <u>असहाय एकल पुरुष भत्ता नपाउने अवस्थाः</u>** (१) असहाय एकल पुरुष भत्ता देहाय बमोजिमको व्यक्तिले यस कार्यविधि बमोजिमको असहाय एकल पुरुष भत्ता पाउने छैन ।

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ती, निर्वाचित, मनोनीत भएको व्यक्ति,

(ख) सरकारी कोषबाट निवृत्तिभरण पाइरहेका व्यक्ति,

(ग) अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाइरहेको व्यक्ति।

## परिच्छेद-५

### असहाय एकल पुरुष भत्ताको परिचयपत्र सम्वन्धी व्यवस्था

**६. <u>परिचयपत्रः</u>** (१) यस कार्यविधि बमोजिम असहाय एकल पुरुष भत्ता पाउने व्यक्तिलाई गाउँपालिकाले अनुसूची-१ को ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने परिचयपत्रमा असहाय एकल पुरुष भत्ता पाउने व्यक्तिको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्तिको परिचय समेत खुलाउनु पर्नेछ ।

(३) असहाय एकल पुरुष भत्ता अनुसूची-१ बमोजिमको परिचय पत्रको आधारमा गाउँपालिकाकाले वितरण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम गाउँपालिकाले असहाय एकल पुरुष भत्ता वितरण गने प्रकृया तथा माध्यम गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(५) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मिति देखि असहाय एकल पुरुष भत्ता भुक्तानी बैङ्किग प्रणालीबाट मात्र गरिने छ ।

(६) गाउँपालिकाले यस कार्यविधि बमोजिम वितरण गरेको असहाय एकल पुरुष भत्ताको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(७) वडा कार्यालयले असहाय एकल पुरुष भत्ता वितरण गरेको विवरण तोकिएको ढाँचा र समयावधि भित्र गाउँपालिकामा पठाउनु पर्नेछ।

(८) असहाय एकल पुरुष परिचय पत्र प्राप्त गर्न साठी देखी अरसठ्ठि (६०-६८) वर्ष उमेर समूहका व्यक्ति वा निजको संरक्षकले सम्बन्धित वडाका वडाध्यक्ष समक्ष निवेदन दिनुपर्ने छ ।

(९) निवेदन साथ आफ्नो उमेर खुलेको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, अन्य जिल्लाको नागरिकताको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपी, दुई (२) प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्ने छ । उमेर प्रमाणको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(१)) असहाय एकल पुरुष परिचय पत्र प्रदान गर्ने अधिकारी सम्बन्धित स्थानीय वडा कार्यालयको वडा सचिव हुनेछ ।

(११) परिचयपत्र प्राप्त असहाय एकल पुरुषको लगत तोकिए बमोजिम सफ्टवेरमा कम्प्युटराइज गरी सम्बन्धित वडा कार्यालयमा राखी चौमासिक रुपमा भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ उक्त लगत गाउँपालिका कार्यपालिकाको कार्यालयको पञ्जिकरण शाखामा लगत कायम गरि राखिनेछ ।

(१२) असहाय एकल पुरुष परिचयपत्रको प्रतिलिपी लिन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गर्नुपर्ने छ ।

(१३) उपदफा (७) बमोजिमको अलभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

### असहाय एकल पुरुष भत्ता पाउने व्यक्तिको नाम हटाउने सम्वन्धी व्यवस्था

**७. अभिलेखबाट हटाउनु पर्नेः** (१) गाउँपालिकाले देहायको अवस्थामा असहाय एकल पुरुष भत्ता पाउने व्यक्तिको नाम आफ्नो अभिलेखबाट हटाउनेछ ।

(क) असहाय एकल पुरुष भत्ता पाउने व्यक्ति बसाइँ सरी अन्यन्त्र गएमा,

(ख) असहाय एकल पुरुषले विवाह गरेमा,

(ग) यस कार्यविधि बमोजिम असहाय एकल पुरुष भत्ता पाउन योग्य नभएमा,

(घ) मृत्यु भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्थामा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम असहाय एकल पुरुष भत्ता पाउने व्यक्ति बसाइँ सरी अन्यन्त्र जाने भएमा वडा कार्यालयले परिचयपत्रमा सोही व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद -७

**८. विविधः** (१) असहाय एकल पुरुष भत्ता वितरणका लागि थप कार्यविधि र स्पष्टता आवश्यकता महसुस गरेमा गाउँ कार्यपालिकाले आफैं निर्धारण गर्नेछ ।

२) असहाय एकल पुरुष भत्ता वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था वाहेक अन्य द्विविधा भएमा प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

३) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकवाट निर्णय भएपछि लागु हुनेछ । यो कार्यविधि जारी हुनुभन्दा अघि जारी भएका असहाय एकल पुरुष भत्ता वितरण सम्वन्धी कार्य यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

# अनुसूची-१
## असहाय एकल पुरुष भत्ता परिचयपत्रको ढाँचा
असहाय एकल पुरुष भत्ता परिचय पत्र

परिचय पत्र नं. .......
नाम थर................................
ना.प्र.नं.........................जारी भएको जिल्ला...........................
स्थाई ठेगानाः जिल्ला...................................गा.पा.............
वडा नं. ...............टोल................................
उमेर.........................लिङ्ग......................
उपलब्ध छुट तथा सुविधाहरु.............................................
पति/पत्नी को नाम............................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण..............................
संरक्षकको नाम....................................        ठेगाना..................
सम्पर्क नं................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम ........................................

**प्रमाणित गर्ने** वडा सचिवको
दस्तखत :............................
नाम थर :............................
पद :..................................
कार्यालय :...........................

कृपया यो परिचयपत्र कसैले पाएमा सम्बन्धित वडा कार्यालय, गाउँपालिका वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

# Senior Citizen Identity Card

Card No: ……
Name: ………………………..
Citizenship No: ……………..
Age: …………..                    Gender: ……………..
Address: Bhagawatimai Rural Municipality Ward No ………  Dailekh.
Blood Group: ……………...
Contact No: ………………...
Available Discount and services: ………………..

**Approved By:**
Signature: ………………..
Name: ……………………..
Designation: ……………

If you found this card, please return back it in this office or in District police office.

# अनुसूची- २
## (निवेदन पत्र )

श्रीमान वडा अध्यक्ष ज्यू ,
.........नं वडा समितिको कार्यालय,
मिति :
भगवतीमाईगाउँपालिका, दैलेख ।

विषय : असहाय एकल पुरुष परिचय पत्र पाउँ ।

नेपालको संविधान बमोजिम म...................................असहाय एकल पुरुष भएको हुँदा (नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४ वमोजिम) असहाय एकल पुरुष परिचय पत्र उपलब्ध गराई पाउँ भनी तपसिलको व्यक्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

**१ असहाय एकल पुरुष नागरिकको व्याक्तिगत विवरण :**

क. नाम, थर :................................ (लिङ्ग)...........
ख. वावुको नाम, थर..............................
ग. पति नाम, थरः............................
घ. जन्म मितिः........................
ङ. जन्म स्थानः जिल्ला .........................
च. स्थाई ठेगाना : भगवतीमाईगाउँपालिका वडा नं ...........टोलको नाम...............................................
छ. ना.प्र.प.नं.................. जारी जिल्ला............................
ज. स्वास्थ्य सम्बन्धी विवरणः (कुनै विशेष रोग भए उल्लेख गर्ने)
.......................................................................................

**२. असहाय एकल पुरुष नागरिकको पारिवारिक विवरण :**
क. जम्मा सन्तान संख्या : .........,
ख. छोरा........
ग. छोरी .......
घ. अन्य........जना ।
ङ. हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः
३. शैक्षिक योग्यता ..................
४. पेशागत दक्षता ................... .

५ अनुभवको क्षेत्र ................

**६ .असहाय एकल पुरुष नागरिकको सम्पत्ती विवरण :**

अ. चल सम्पत्ती ...............................
आ.अचल सम्पत्ती ..........................
७. सम्पर्क व्यक्तिको सम्पर्क नम्बर ...................................

**पेश गरिएका कागजातहरु :**

क. नेपाली नागरिकता प्रमाणपत्र को प्रतिलिपी ।
ख. बाह्य जिल्लाको नागरिकता भए बसाइसराई प्रमाणपत्रको प्रतिलिपी ।

**निवेदक :**
दस्तखत :
नाम थर :